**बलेफी हाइड्रोपावर लिमिटेड**

**दरवारमार्ग, काठमाडौं-०१, काठमाडौं, नेपाल**

२०८२/१०/०८ गते (तदनुसार २२ जनवरी, २०२६) बिहीबारका दिन सम्पन्न

# चौधौँ वार्षिक साधारण सभाको निर्णय पुस्तिका

आर्थिक वर्ष २०८१/०८२

## बलेफी हाइड्रोपावर लिमिटेडको
## चौधौँ वार्षिक साधारण सभाको काम कारवाहिको विवरण (निर्णय माईन्युट)

### १. पृष्ठभूमि

यस बलेफी हाइड्रोपावर लिमिटेडको मिति २०८२/०९/०४ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको चौधौँ वार्षिक साधारण सभा मिति २०८२ साल पौष २९ गते मङ्गलबार (तदनुसार सन् १३ जनवरी २०२६) बिहान ११:०० बजे होटल कृष्टल पशुपति, गौशाला, काठमाडौंमा बस्ने भनि निर्णय भएको थियो । सोहि बमोजिम कम्पनिले मिति २०८२/०९/०५ गते नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक र मिति २०८२/०९/११ गते अभियान राष्ट्रिय दैनिक पत्रिकामा दोश्रो पटक गरी दुई पटक वार्षिक साधारण सभाको सूचना जारी गरी सभा बोलाईएको थियो । तर मिति २०८२ साल पौष २९ गते मङ्गलबार कम्पनी ऐन, २०६३ को दफा ७३(२) र यस कम्पनीको नियमावलीको नियम २३ बमोजिमको गणपूरक सङ्ख्या नपुगेको कारण उक्त दिनको सभा स्थगित भएको थियो र सोहि मिति २०८२/०९/२९ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ७३(३) र कम्पनीको नियमावलीको नियम २३ बमोजिम पुनः बोलाईएको चौधौँ वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री विदुर पुरीज्यूको अध्यक्षतामा देहायको स्थान, मिति र समयमा सम्पन्न भयो । उक्त सभाले निम्न प्रस्तावहरु माथि छलफल गरी निम्न बमोजिम निर्णय गर्यो ।

### २. उपस्थिती:

कम्पनी ऐन २०६३ को दफा ६८(१) बमोजिम निम्न संचालकहरु सभामा स्वंय उपस्थित हुनुभएको थियो ।

| | |
|---|---|
| १. विदुर पुरी | अध्यक्ष |
| २. रितेश प्रधान | संचालक |
| ३. प्रविन राई | संचालक |
| ४. ज्योति गैह्रे | संचालक |
| ५. दिनेश डंगोल | संचालक |
| ६. सुशान्त प्रधानाङ्ग | संचालक |

कम्पनी ऐन २०६३ को दफा ६८(२) बमोजिम निम्न संचालक भिडियो कन्फरेन्सको प्रविधि मार्फत सभामा उपस्थित हुनुभएको थियो ।

७. प्रकाश काफ्ले – संचालक

### ३. सभा भएको मिति, स्थान र समय:

मिति: २०८२ साल माघ महिना ०८ गते बिहिवार (तदनुसार २२ जनवरी, २०२६)
स्थानः होटल कृष्टल पशुपति, गौशाला, काठमाडौं ।

Balephi Hydropower Ltd. ★ 2012 ★

समय: बिहानको ११:३० बजे।

**४. सभाको सूचना:**

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) बमोजिम कम्पनीको चौधौँ वार्षिक साधारण सभा बस्ने भनि मिति २०८२/०९/०५ गते नागरिक राष्ट्रिय दैनिक पत्रिकामा सभा हुने मिति, समय र स्थान उल्लेख गरी प्रथम पटक र मिति २०८२/०९/११ गते सभा हुने मिति, समय र स्थान तथा कम्पनीको वासलात, नाफा नोक्सान विवरण, नगद प्रवाह लगायत आर्थिक विवरणहरु समेत उल्लेख गरी अभियान राष्ट्रिय दैनिक पत्रिकामा दोश्रो पटक गरी दुई पटक वार्षिक साधारण सभाको सूचना जारी गरीएको थियो। तर सभा हुने भनि तोकिएको मिति २०८२ साल पौष २९ गते गणपूरक सङ्ख्या नपुगेको कारणले सभा स्थगित भई सोहि मिति २०८२/०९/२९ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको नियमावलीको नियम १८(६) बमोजिम १५ दिन भित्रै स्थगित भएको साधारण सभा गर्ने गरी पुनः मिति २०८२/१०/०८ गतेको लागि सभा बोलाईएको र सभाको सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) बमोजिम र कम्पनीको नियमावलीको नियम १८(६) बमोजिम कम्तीमा सात दिन अघि हुने गरी मिति २०८२/०९/३० गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी चौधौँ वार्षिक साधारण सभा सम्बन्धी जानकारी गराईएको थियो। साथै, कम्पनीको वेवसाइट www.balephihydro.com मा पनि साधारण सभा सम्बन्धी सूचना हेर्न सकिने व्यवस्था गरिएको थियो।

**५. सभाका भएका छलफल तथा निर्णयका लागि निर्धारित विषयहरु:**

**क) सामान्य प्रस्तावहरुः**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
२. लेखापरिक्षकको प्रतिवेदन सहित आ.व. २०८१/०८२ को वार्षिक वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
३. कम्पनि ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८२/०८३ का लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।
४. संचालक समितिको रिक्त संचलाक पदमा संचालक समितिबाट भएको नियुक्तिको अनुमोदन गर्ने सम्बन्धमा।
५. संचालक समितिको बैठक भत्ता तोक्ने सम्बन्धमा।

**ख) विशेष प्रस्तावः**

१. हकप्रदक शेयर निष्काशन सम्बन्धमा।

**ग) विविध।**

**६. शेयरधनीहरुको उपस्थिति :**

Balephi Hydropower Ltd. 2012

| बाँडफाँड भएको कुल शेयर संख्या | स्वंम उपस्थित शेयरधनी संख्या | प्रतिनिधिपत्रद्वारा उपस्थित शेयरधनी संख्या | जम्मा उपस्थित शेयरधनी संख्या | उपस्थित कुल शेयर संख्या | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व संख्या |
|---|---|---|---|---|---|
| ३,६५,५९,४०० | १२७ | १८ | १४५ | ९३,१८,६७१ | २५.४८९१% |

## ७. गणपूरक संख्या एंव सभाको बैधानिकताः

सभाको प्रारम्भमा सभा सञ्चालनकर्ताले कम्पनी ऐन, २०६३ को दफा ७३(३) तथा यस कम्पनीको नियमावलीको नियम २३ बमोजिम पुनः दोश्रो पटक बोलाईएको साधारण सभा संचालनको लागि आवश्यक गणपूरक संख्या (बाँडफाँड भएको कुल शेयर संख्याको पच्चीस प्रतिशत शेयरको प्रतिनिधित्तव) पुगेको र प्रचलित कानूनको परिपालना भई सोही ऐनको दफा ६९ बमोजिम चौधौँ वार्षिक साधारण सभा वैधानिक रहेको घोषणा गर्नुभयो ।

## ८. सभाको अध्यक्षता, आसन ग्रहण र सभा संचालनः

साधारण सभाको कार्यक्रम सञ्चालनकर्ताले कम्पनी ऐन, २०६३ को दफा ७४ (१) बमोजिम तथा कम्पनीको नियमावली बमोजिम साधारण सभाको अध्यक्षता गरिदिनुहुन सञ्चालक समितिका अध्यक्ष श्री विदुर पुरीज्यूलाई अनुरोध गर्नुभए बमोजिम अध्यक्षज्यूले सभाको अध्यक्षता ग्रहण गर्नुभयो । तत् पश्चात, कम्पनीको सञ्चालक समितिका संचालकहरु तथा उपस्थित शेयरधनी महानुभावहरुलाई आसन ग्रहण गराउनुभयो र सभा विधिवत् रुपमा प्रारम्भ भयो ।

## ९. अध्यक्षज्यूको मन्तव्य तथा वार्षिक प्रतिवेदन प्रस्तुतीः

कार्यक्रम संचालनकर्ताले अध्यक्षज्यूलाई आफ्नो मन्तव्य राख्न अनुरोध गर्नुभए बमोजिम अध्यक्षज्यूले सभामा उपस्थित हुनुभएका सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत सभामा आमन्त्रित सबैलाई स्वागत गर्दै सभा समक्ष वार्षिक प्रतिवेदनको पुस्तिकामा उल्लेख भए बमोजिमको मन्तव्य राख्नुभयो ।

तत् पश्चात अध्यक्षज्यूले कम्पनीले आ.व. २०८१/०८२ मा कम्पनीले गरी आएका कार्यहरुको प्रगति विवरण, कम्पनीको आम्दानी, खर्च, लगानी सम्बन्धि जानकारी, कम्पनीको उपलब्धि तथा भविष्यमा गर्ने कार्यको जानकारी लगायत कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा (४) बमोजिमका अन्य विवरण समेत संलग्न गरी संचालक समितिको तर्फबाट वार्षिक प्रतिवेदनको पुस्तिकामा उल्लेख भए बमोजिमको प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

## १०. शेयरधनीहरुको मन्तव्य, जिज्ञासा, प्रश्न तथा सुझावहरुः

निम्न लिखत शेयरधनी महानुभावले साधारण सभाको लागि आफ्नो मन्तव्य, जिज्ञासा, प्रश्न तथा सुझावहरु मौखिक रुपमा प्रस्तुत गर्नुभयो ।

१. श्री उत्तम दत्त पाण्डे

Balephi Hydropower Ltd. 2012

२. श्री प्रकाश राई

३. श्री युगल नारायण बसेल

४. श्री उत्तम पाठक

५. त्रि रत्न शाक्य

शेयरधनी महानुभावहरुबाट प्रस्तुत भएको मन्तव्य, जिज्ञासा, प्रश्न तथा सुझावहरुको सारांश निम्न बमोजिम रहेको छ ।

- चौधौँ वार्षिक साधारण सभा कम्पनीले पहिलो पटकमा सञ्चालन गर्न नसकि स्थगित गर्नुपरेकोमा दुःख व्यक्त गर्दै आगामि वर्ष हरुमा कम्पनीले पहिलो पटकमै र सम्भवतः मंसिर महिना भित्रै साधारण सभा गर्नका लागि पहल गर्नु ।
- दोश्रो पटकमै भएपनि गणपूरक संख्या पुगी सभा सञ्चालन गर्न पाएकोमा धन्यवाद र कम्पनीको समग्र प्रगति तथा भविष्यप्रति शुभकामना ।
- वार्षिक प्रतिवेदनको पुस्तिकामा विवरणहरु रचनात्मक ढंगले प्रस्तुत गर्नु, लेखापरिक्षण प्रतिवेदनलाई नेपाली भाषामा प्रकाशित गर्ने कोसिस गर्नु र साधारण सभा हुनु अघि नै वार्षिक प्रतिवेदनको पुस्तिका प्राप्त गर्न सहजीकरण गर्नु ।
- कम्पनिको वित्तिय अवस्थालाई सुधार गर्न, खर्चहरु नियन्त्रण गर्न र कर्जा भार घटाई छिट्टै मुनाफा आर्जन गर्न रणिनितिहरु बनाई ।
- शेयरधनीहरुले कम्पनीमा गरेको लगानिको प्रतिफल बापत आगामि वर्षहरुमा लाभांश पाइनेछ भन्ने आशा छ ।

शेयरधनीहरुबाट जिज्ञासा, सुझाव तथा मन्तव्य व्यक्त भै सकेपछी यस कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री सुवास अर्यालज्यूले सुझावहरुको लागि शेयरधनी महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै प्रश्न तथा जिज्ञासाहरुको समष्टिगत रुपमा जवाफ दिनु भयो ।

**११.प्रस्तावहरुको प्रस्तुतिः**

सभाको काम कारवाही अगाडि बढाउने क्रममा कम्पनीको आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको प्रतिवेदन र लेखापरिक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहितको अनुसूचिहरु लगायतका वित्तिय विवरणहरु तथा सभामा छलफलका तथा निर्णयका लागि निर्धारित सम्पूर्ण प्रस्तावहरु सभा समक्ष प्रस्तुत गरियो ।

**१२. सभाका निर्णयहरुः**

**(क) सामान्य प्रस्तावः**

Balephi Hydropower Ltd. 2012

**निर्णय नं १** प्रस्ताव नं. १ अन्तर्गत आ.व. २०८१/०८२ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा उक्त प्रतिवदेन सञ्चालक समितिका अध्यक्षज्यूले प्रस्तुत गर्नुभई छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनि निर्णयार्थ पेश भएको प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २** प्रस्ताव नं. २ का सम्बन्धमा छलफल हुँदा यस कम्पनीका लेखापरिक्षक श्री एम् वर्मा एण्ड एसोसोएट्सले तयार पारेको आर्थिक वर्ष २०८१/०८२ को लेखापरिक्षण प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहितको अनुसूचिहरु लगायतका वित्तिय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्नको लागि राखिएको प्रस्ताव उपर सभामा छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनि निर्णयार्थ पेश भएको प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरीयो ।

**निर्णय नं ३** प्रस्ताव नं. ३ का सम्बन्धमा छलफल हुँदा यस कम्पनी को आर्थिक वर्ष २०८२/०८३ को लागि वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहितको अनुसूचीहरुको लेखापरिक्षण प्रतिवेदन तयार गर्न लेखापरिक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८१/०८२ का लेखापरिक्षक श्री एम वर्मा एण्ड एसोसिएट्सलाई पुनः नियूक्त गर्ने र निजलाई मु.अ.कर बाहेक रु ५,००,०००/- (अक्षरेपी पाँच लाख रुपैँया मात्र) पारिश्रमिक प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ४** प्रस्ताव नं. ४ का सम्बन्धमा छलफल हुँदा आ.व. २०८१/०८२ मा संचालक समितिका अध्यक्ष श्री संजय कुमार शाहज्यूले मिति २०८२/१२/२७ मा राजिनामा दिनुभएको र निजको सट्टा सोहि मितिबाट लागु हुने गरी संचालक समितिका संचालक श्री विदुर पुरीलाई अध्यक्ष नियुक्त गरीएको, मिति २०८२/०३/०६ गते संचालक श्री राजेन्द्र तिमल्सिनाले राजिनामा दिनुभएको र निजको सट्टा मिति सोहि मितिदेखि लागु हुने गरी श्री प्रविन राईज्यूलाई संचालक नियुक्त गरिएको तथा सोहि मिति २०८२/०३/०६ गते श्री संजय कुमार शाहज्यूको राजिनामा स्वीकैत भएपश्चात रिक्त रहेको संचालक पदमा श्री ज्योति गैह्रेज्यूलाई संचालक नियुक्त गरिएको तथा मिति २०८२/०६/२१ गते संचालक श्री योगेश दारुकालेज्यूले राजिनमा दिनुभएको र निजको सट्टा सोहि मितिवबाट लागु हुने गरी श्री दिनेश डंगोलज्यूलाई संचालक नियुक्त गरीएकोको हुँदा संचालक समितिबाट भएको यि नियुक्तिहरुलाई सदर तथा अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरीयो ।

**निर्णय नं ५** प्रस्ताव नं ५ का सम्बन्धमा छलफल हुँदा संचालक समितिका सदस्यहरुलाई आफ्नो अमुल्य समय दिएर कम्पनीको कार्य सञ्चानका लागि दिनुहुने योगदानको कदर गर्दै प्रति बैठक कर सहित रु ५,०००/- (अक्षरेपी पाँच हजार रुपैँया मात्र) बैठक भत्ता दिने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरीयो ।

**(ख) विशेष प्रस्ताव**

**निर्णय नं. १** प्रस्ताव नं १ उपर छलफल हुँदा विद्युत नियमन आयोगद्वारा जारी गरीएको विद्युतसम्बन्धि कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्व स्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका, २०७८ को दफा ५ को उपदफा २ को व्यवस्था बमोजिम अन्य अनुमति प्राप्त कम्पनीले निर्माण गरीरहेको वा गर्न गईरहेको आयोजनामा पचास प्रतिशत भन्दा कम शेयर लगानी गर्ने प्रयोजनका लागि हकप्रदक शेयरको निष्काशन गर्दा उक्त आयोजना निर्माणको प्रगति पच्चिस प्रतिशत भन्दा

बढी भएको हुनुपर्ने व्यवस्था रहेको र सोहि कानुनी प्रावधान बमोजिम उक्त सुर्के दुधकोशी जलविद्युत आयोजनाको प्रगति पच्चिस प्रतिशत भन्दा कम भएकोले हाललाई प्रस्ताव गरे बमोजिमको हकप्रदक शेयर निष्कासनको कार्य अघि नबढाउने विशेष प्रस्ताव सर्वसम्मत निर्णय गरीयो । साथै, कम्पनीले पुँजी संरक्षण, जोखिम न्यूनिकरण तथा शेयरधनीहरूको दीर्घकालीन हित सुनिश्चित गर्ने उद्देश्यले अन्य कम जोखिमपूर्ण आयोजनामा लगानि गर्नका लागि अध्ययन अनुसन्धान जारी राख्ने निर्णय गरियो ।

**(ग) विविध**

विविध अन्तर्गत अन्य विषयहरु नरहेको व्यहोरा सभा संचालनकर्ताले सभामा जानकारी गराउनु भयो ।

**१३. धन्यवाद ज्ञापन तथा सभा विसर्जनः**

यस साधारण सभाका लागि अन्य विषयहरु नभएकोले सभा संचालनकर्ताले सभा विसर्जनका लागि अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो । अध्यक्षज्यूले साधारण सभामा आफ्नो अमुल्य समय दिई सभामा सहभागिता जनाउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरु तथा साधारण सभा सम्पन्न सहयोग गर्ने सबैलाई हार्दिक धन्यबाद ज्ञापन गर्दै चौधौँ वार्षिक साधारण सभा समापन भएको घोषण गर्नु भयो ।

Balephi Hydropower Ltd. 2012